# भंगहा नगरपालिका

स्थानीय राजपत्र

खण्ड : ५ | संख्या : १ | मितिः २०८१/०९/०१

भाग-१

# सामाजिक सुरक्षा स्थानीय नीति, २०८१

# सामाजिक सुरक्षा स्थानीय नीति, २०८१

**नगरसभाबाट पारित मिति :**
**२०८१/०८/२५**

१.पृष्टभूमि

सामाजिक सुरक्षा, विभिन्न नीतिहरू र कार्यक्रमहरूको एउटा सँगालो हो, जुन गरिबी र असुरक्षालाई घटाउन, प्रभावकारी श्रम बजारलाई प्रवर्द्धन गर्न, मानिसहरूलाई आर्थिक, सामाजिक तथा अन्य जोखिमहरूको व्यवस्थापन गर्न सक्ने क्षमता बढाउन निर्माण गरिएका हुन्छन् । सामाजिक सुरक्षाका कार्यक्रमहरुले जेष्ठ नागरिक, बालबालिका, गर्भवती महिला, अपांगता भएका व्यक्तिहरु, र संकटासन्नतामा रहेका तथा आर्थिक तथा सामाजिकरुपमा पछाडी पारिएका समुदायको सम्मानजनक जीवनयापनका लागि महत्वपूर्ण भूमिका खेल्दछन् ।

विगत दशकहरू देखि गरिबी घटाउने र विकास निर्माणको क्षेत्रमा उल्लेखनीय प्रगति भए तापनि, नेपालका धेरै घरपरिवारहरू अझै पनि आधारभूत सेवाहरूमा सीमित पहुँच, र प्राकृतिक प्रकोप, आर्थिक मन्दी, र स्वास्थ्य सेवामा पहुँच नहुनु जस्ता जोखिमता र आय असुरक्षासँग जुधिरहेका छन् ।

हाल सामाजिक सुरक्षाका ८४ प्रकारका कार्यक्रमहरु विभिन्न १६ वटा मन्त्रालयद्वारा सञ्चालित छन् ।[1] यी प्रयासहरू, राम्रो उद्देश्यसहित थालिएको भएतापनि, प्रायः समन्वयको कमी, स्रोतहरूको प्रभावकारी उपयोग नहुनु, र लक्षित समुदायको पहुँचमा प्रभावकारी रुपमा पुग्न नसकेको कारण संकटासन्नता र गरिबीमा जीवन बिताइरहेका जनसंख्यामा असमानता कायमै रहेको देखिन्छ । यीनै चुनौतीहरुको समाधानका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका तर्फबाट सामाजिक सुरक्षा कार्यक्रमहरुलाई एकिकृत गर्ने, सामाजिक सुरक्षा कार्यक्रममा प्रभावकारी रुपमा नागरिकको पहुँच अभिबृद्धि गर्नको लागि विभिन्न प्रयासहरु भईरहेका छन् ।

स्थानीय सामाजिक सुरक्षा नीतिले एकीकृत रुपमा सामाजिक सुरक्षाका कार्यक्रम मार्फत सबै नागरिकहरु, विशेष गरी संकटासन्नतामा रहेका समूहहरूलाई स्वास्थ्य सेवा, शिक्षा, आवास, रोजगार र आय सुरक्षा जस्ता आधारभूत सेवाहरुमा पहुँच सुनिश्चित गर्दछ र जसले गरिबी घटाउने, सामाजिक समावेशीकरण तथा सामाजिक न्यायलाई प्रवर्द्धन गर्ने, र समुदायको क्षमता अभिबृद्धि गर्ने कार्यमा सहयोग गर्नेछ । त्यसकारण सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरुलाई लक्षित समुदायसम्मको सहज पहुँच र सामाजिक र आर्थिक असुरक्षाका मुख्य कारणहरूलाई सम्बोधन गरी समृद्ध नगरपालिकाको निर्माण गर्नको लागि भँगाहा नगरपालिकाद्वारा यो सामाजिक सुरक्षा स्थानीय नीति निर्माण गरि लागू गरिएको छ ।

## २.बर्तमान अवस्थाः

भँगहा नगरपालिकाको कुल जनसंख्या ५५३५४ रहेको छ ।[2] जसमध्ये महिला जनसंख्या ५१.७ प्रतिशत र पुरुषको जनसंख्या ४८.३ प्रतिशत रहेको छ । साक्षरता दर ५७.२ प्रतिशत छ भने बालबालिकाको जन्मदर्ताको तथ्यांक ७६.६ प्रतिशत रहेको देखिन्छ । बसोबासको तथ्यांकलाई हेर्दा २७.६ प्रतिशत बालबालिका आमा मात्र भएको घरमा बसोबास गरिरहेका छन् । अपांगता भएका मानिसहरुको जनसंख्या १.५ प्रतिशत छ । १० बर्ष देखि माथिको आर्थिक क्रियाकलापमा सक्रिय जनसंख्या ६३.८ प्रतिशत रहेको छ । कुल खेती योग्य जमीन ८६.८ प्रतिशत रहेको छ । नगरपालिकामा सामूदायिक ६ वटा मा.वि., ७ आधार मा.वि. र १२ वटा प्राथमिक विद्यालयहरु छन् र मदर्शाको संख्या ८ रहेको छ र करीब ६० प्रतिशत जमीनमा सिँचाईको उपलब्धता रहेको छ ।

[1] एकिकृत सामाजिक सुरक्षा ढाँचा
[2] राष्ट्रिय जनगणना २०७८

भँगाहा नगरपालिकाको स्थानीय राजपत्र

राष्ट्रिय नीतिहरूलाई स्थानीय स्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय सरकारको हैसियतले भँगाहा नगरपालिकाले महत्वपूर्ण भूमिका खेलिरहेको छ। समुदायहरूको विशिष्ट आवश्यकता बुझ्रेर तदनुसारका सामाजिक सुरक्षाका उपायहरू अनुकूलन गर्न नगरपालिकाले संघीय सरकार, प्रदेश सरकार तथा अन्य सामाजिक तथा नीजी संघ संस्थाहरुसँग समन्वय तथा साझेदारीलाई निरन्तर रुपमा अगाडी बढाई रहेको छ । संघीय तथा प्रादेशिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनका अतिरिक्त स्थानीय आवश्यकताको आधारमा भँगाहा नगरपालिका आफैले सामाजिक सुरक्षाका कार्यक्रमहरुको निर्माण गरि कार्यान्वयन गरिरहेको छ । जस्तैः रोजगार प्रबर्द्धनात्मक कार्यक्रम, सुत्केरी स्याहार कार्यक्रम, दाईजो प्रथा विरुद्धका कार्यक्रम, विपन्न समुदाय तथा जेष्ठ नागरिकहरुलाई निशुल्क स्वास्थ्य उपचार कार्यक्रम, पोषण सम्बन्धी कार्यक्रमहरु, सीप विकास सम्बन्धि कार्यक्रम, कृषि उपकरणमा अनुदान कार्यक्रम, जनतासँग मेयर कार्यक्रम, आर्थिक सहायताका कार्यक्रम, छात्रबृत्ति आदि सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

## ३. प्रमुख चुनौती तथा समस्याहरुः

भँगहा नगरपालिकाले स्थानीय आवश्यकतालाई मध्यनजर गरि विभिन्न सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्दै आईरहेको भएतापनि नगरपालिकामा बसोबास गर्ने नागरिकहरुको जोखिमताको अवस्था, सेवामा पुहँच, शिक्षा, सामाजिक तथा आर्थिक असमानता, विभिन्न कुप्रथा, विकृतिहरुलाई कम गर्न तथा मानवपुँजीको विकास गरि आत्मनिर्भरता तर्फ अग्रसर गराउनका लागि अझै केहि समस्याहरु देखिएका छन् ।

मानव जीवनचक्रको विभिन्न उमेरसमुहमा आउनसक्ने जोखिमताका क्षेत्रहरुको पहिचान, जोखिमता घटाउने कार्यक्रमहरुको निर्माण, उक्त कार्यक्रमहरुलाई सञ्चालन गर्नको लागि आवश्यक वित्तको प्रवन्ध गर्नु पनि प्रमुख समस्याको रुपमा रहेको छ ।

१. प्रारम्भिक बाल्यावस्था बालबालिकाको मष्तिस्क विकासको लागि एकदमै महत्वपूर्ण छ । गर्भावस्था तथा सुत्केरी अवस्थामा आमाको स्वास्थ्य तथा पोषण, सुरक्षित सुत्केरी, शिशुहरुको स्वास्थ्य, हेरचाह तथा पोषणमा प्रयाप्त लगानी हुन सकिरहेको छैन ।

२. विद्यालयस्तरमा रहेका बालविकास केन्द्रहरुमा आवश्यक सहयोगी सामग्रीहरु, बालविकास सहयोगी कार्यकर्ताहरुको क्षमता अभिबृद्धि अपर्याप्तताका कारण बालविकास शिक्षाको गुणस्तर सुधार हुन सकिरहेको छैन ।

३. बालविवाह, बालश्रम तथा अन्य सामाजिक कुप्रथाहरु अझै समाजमा विद्यमान हुनु, बालबालिका तथा युवाहरु लागु औषधको सेवनमा लाग्नु, सामाजिक सञ्जालको दुरुपयोग, क्षमता अनुसारको रोजगारीको अवसर नपाई बसाई सराई तथा विदेशिने सख्या बढ्नु प्रमुख समस्याको रुपमा रहेका छन् ।

४. कृषि तथा पशुपालनलाई निवार्हमुखिबाट व्यवसायिकतासँग जोडेर आर्थिक बृद्धिमा टेवा तथा कृषिलाई रोजगारीको माध्यम बनाउनका लागि युवाहरुलाई कृषिमा आकर्षित गर्न सकिएको छैन ।

५. बालबालिकालाई जीवन उपयोगी सीप, अभिभावकहरुलाई बालबालिकामा लगानी तथा उचित स्याहार सुसार गर्न प्रेरित गरि बर्तमानका बालबालिका भविश्यको लागि मानवपुँजी हुन् भन्ने कुराको व्यापकरुपमा सचेतनाका कार्यक्रमको प्रयाप्तता छैन ।

६. बालबालिका नगरपालिका र देशको नै कर्मधार रहेको कारण यस भंगहा नगरपालिकाले आन्तरिक लगानीमा जोड दिनु पर्ने देखिन्छ ।

## ४. अवसरहरुः

सामाजिक सुरक्षा गरीवी निवारण तथा जोखिम न्यूनिकरणको प्रभावकारी औजारको रुपमा स्थापित भएकोले सामाजिक सुरक्षा स्थानीय नीतिले भँगहा नगरपालिकालाई स्थानीय गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू र अन्य सरकारी

निकायहरू तथा  सम्बन्धित सरोकारवालाहरूसँग साझेदारी र सहकार्यको अवसर देखिन्छ र जसले गर्दा सरोकारवालाहरुले  सामाजिक सुरक्षा कार्यक्रमहरूलाई थप प्रभावकारी र दिगो बनाउन आफ्नो सामूहिक विशेषज्ञता र स्रोतहरू प्रदान गर्न सक्छन् ।

स्थानीय आवश्यकतालाई मध्यनजर गरिएको सामाजिक सुरक्षा नीतिले पालिकाका सबैभन्दा जोखिममा रहेका समूदायका लागि सुरक्षा सहायता उपलब्ध गराउन सक्छ । यसले स्वास्थ्य सेवा, शिक्षा, आवास, र सामाजिक सहायता जस्ता आधारभूत आवश्यकताहरूमा पहुँच सहित विभिन्न संकटासन्नतामा रहेका व्यक्ति र परिवारहरूले आवश्यक सहयोग प्राप्त गर्ने कुरा सुनिश्चित गर्न सकिन्छ ।

आफ्नै सामाजिक सुरक्षा नीति तर्जुमा गर्दा नगरपालिकालाई सम्भावित चुनौतीहरू र समस्याहरूलाई सम्बोधन गर्न सजिलो र नागरिकहरुलाई चुनौतीहरुको सामना गर्न सक्षम बनाउँनेछ ।

## ५.नीतिको औचित्य र आवश्यकता  :

संघीय सरकारद्वारा निर्माण गरिएका सामाजिक सुरक्षा कार्यक्रमहरु छरिएर रहेका छन् जसले गर्दा समुदायस्तरमा प्रभावकारी रुपमा सूचना प्रवाह नहुदा योग्य भईकन पनि अधिकांश नागरिकहरु बञ्चितिकरणमा परेका छन् । यद्यपी सामाजिक सुरक्षा कार्यक्रहरुलाई प्रणालीका रुपमा स्थापना गरि लागू गर्न स्थानीय स्तरमा प्रयासहरु भईरहेका छन् । स्थानीय आवश्यकता, मानव जीवनमा आउनसक्ने जोखिमताहरुलाई घटाउनका लागि केहि प्रयासहरु भइरहेको भएतापनि त्यसलाई समग्रतामा समेट्न सकिएको छैन । नागरिकको तहसम्म सम्पुर्ण सामाजिक सुरक्षा कार्यक्रमहरुको बारेमा प्रभावकारी ढंगले सूचना तथा जानकारी पुग्न सकिरहेको छैन ।

तसर्थ नेपालको संविधानमा व्यवस्था भएका मौलिक हक, सोह्रौ योजनाको लक्ष्य एबं उद्देश्य हाँसिल गर्न साथै दिगो विकास लक्ष्य प्राप्तीका लागि स्थानीय आवश्यकताको अध्ययन गरि मानव जीवनचक्रमा आईपर्ने कठीनाईहरुको सम्बोधन गर्न संघीय सरकार, प्रदेश सरकार, संघ संस्था तथा नीजी क्षेत्रको समन्वय, सहकार्यलाई प्रभावकारी रुपमा लैजान र सामाजिक सुरक्षा कार्यक्रमको दिगोपनाका लागि एकिकृत सामाजिक सुरक्षा कार्यक्रमहरुको निर्माण गरि नागरिकको पहुँच अभिबृद्धिका लागि स्थानीय सामाजिक सुरक्षा नीति आवश्यक रहेको छ ।

## ६. दुरदृष्टि, ध्येय, लक्ष्य र उद्देश्य

**दूरदृष्टिः**

बलियो सामाजिक सुरक्षाको प्रत्याभूति भई सबै नागरिकले मर्यादित तथा सम्मानजनक जीवनयापन गरेका हुनेछन् ।

**ध्येयः**

सामाजिक एकता, साझेदारी र सहकार्यलाई प्रर्बधन गरि, बृहत सामाजिक सुरक्षा कार्यक्रमहरुको कार्यान्वयन गर्दै समूदायमा जोखिममा रहेका व्यक्ति तथा परिवारलाई सहयोग तथा सुरक्षा प्रदान गर्ने ।

**लक्ष्यः**

अति विपन्न तथा सीमान्तकृत समूदायलाई व्यापक सामाजिक सुरक्षा सेवा प्रदान गरि नगरपालिका भित्र गरीवी, असमानता र अन्य जोखिमताको स्तरलाई घटाउने ।

**उद्देश्य**

(क) मानव जीवनचक्रको विभिन्न उमेर समुहमा आउनसक्ने जोखिमतालाई घटाई नगरपालिका भित्रका कमजोर र सिमान्तकृत समूहको जीवनस्तरमा सुधार ल्याउनु ।

(ख) लक्षित बर्ग सहयोग कार्यक्रम मार्फत गरीबी र असमानतालाई घटाउनु ।

(ग) प्राकृतिक प्रकोप वा आर्थिक मन्दी जस्ता धक्का र संकटका बेला नागरिकलाई सुरक्षा सहायता उपलब्ध गराउने लचिलो सामाजिक सुरक्षा प्रणालीको निर्माण गर्नु ।

(घ) अत्यावश्यक स्वास्थ्य सेवा, शिक्षा र रोजगारीका अवसरहरुमा जाखिम तथा संकटासन्नतामा रहेको नागरिकहरुलाई समान पहुँच प्रदान गर्नु ।

(ङ) संघीय सरकार, प्रदेश सरकार अन्तर्गत सञ्चालन गरिएका सामाजिक सुरक्षा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन तथा ती कार्यक्रमहरुमा सबै योग्य व्यक्तिको पहुँच सुनिश्चित गर्न आवश्यक संयन्त्रको विकास तथा परिचालन गर्नु ।

**७.रणनीतिः**

१. संकटासन्नता तथा जोखिममा रहेको जनसंख्या, जस्तै वृद्ध, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, र कम आय भएका परिवारहरूका लागि उपयुक्त सहयोग सुनिश्चित गर्ने विशेष कार्यक्रमहरूको निर्माण गरि उक्त कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

२. संघ, प्रदेश, स्वयं नगरपालिका अन्तर्गतका सबै सामाजिक सुरक्षाका कार्यक्रमहरु, योग्यता मापदण्डहरू, र सामाजिक सुरक्षाका कार्यक्रमहरुमा नागरिकको पहुँच अभिबृद्धिका लागि विभिन्न सञ्चार माध्यमको उपयोग तथा परिचालन गरि समूदायस्तरमा प्रभावकारी सुचना प्रवाह गर्ने ।

३. सामाजिक सुरक्षा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन र व्यवस्थापन गर्न स्थानीय सरकारी निकायहरू र सेवा प्रदायकहरूको क्षमता विकास गर्ने ।

४. लक्षित बर्गको आवश्यकता र संकटासन्नताको बारेमा सही जानकारी तथा तथ्याङ्क सङ्कलन गर्ने, तथ्यमा आधारित नीति तर्जुमा र सामाजिक सुरक्षा कार्यक्रमहरूको प्रभावकारी अनुगमन प्रणालीको विकास गर्ने ।

५. संघीय सरकार, प्रदेश सरकार, सामुदायका सदस्यहरू, नागरिक समाज, नीजी क्षेत्र र विकास साझेदारहरू लगायत सम्बन्धित सरोकारवालाहरूसँग सक्रिय सहभागिता र सहकार्य बढाउने ।

**८. स्थानीय नीति तथा कार्यक्रम**

**८.१, अत्यावश्यक स्वास्थ्य सेवा तथा पोषण कार्यक्रम**

क) गर्भावस्था र सुत्केरी अवस्थाका विपन्न महिलाहरुको स्वास्थ्य जाँच, आवश्यक पोषणयुक्त खानेकुरा सहयोग, शतप्रतिशत संस्थागत सुत्केरी गराउन प्रवर्धनात्मक कार्यक्रम तथा निशुल्क एम्बुलेन्स सेवा, गर्भावस्था तथा सुत्केरी अवस्थामा ध्यान दिनुपर्ने कुराहरुको बारेमा सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) ग्रामीण स्वास्थ्य शिविर तथा ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन गरि समुदायमा स्वास्थ्य सेवाको पहुँचबाट बञ्चित नागरिकहरुलाई समुदायस्तमा स्वास्थ्य सेवा प्रदान गर्ने ।

ग) प्रारम्भिक बाल्यावस्थामा आउनसक्ने स्वास्थ्य जोखिमतालाई दृष्टिगत गरि विशेषगरि ५ बर्ष मुनिका बालबालिकालाई पोषणयुक्त खानेकुराको उपलब्धता, निशुल्क स्वास्थ्य उपचारका लागि सहयोग, नियमित तौल अनुगमन तथा कुपोषण भएका बालबालिकाको पहिचान गरि शिघ्र उपचारको लागि आवश्यक सहयोग प्रदान गर्ने ।

घ) स्वास्थ्य वीमामा सबैको आबद्धतालाई सुनिश्चित गर्न व्यापक जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ र आर्थिक रुपले विपन्न समुदाय, अपांगता भएका र जेष्ठ नागरिकहरुको हकमा नगरपालिकाले स्वास्थ वीमा गरिदिनेछ ।

ङ) जेष्ठ नागरिक आश्रय,अध्यात्म तथा व्यायम स्थलको निर्माण, न्यानो कपडा वितरण, विशेषज्ञ सेवा सहितको समूदायस्तरमा घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

च) प्रजनन् तथा यौन स्वास्थ्य, मानसिक तथा मनोसामाजिक स्वास्थ्य सम्बन्धि परामर्श, लागू औषधको प्रयोगको नकारात्मक असर, मदिरापान तथा धुम्रपान तथा यसले बालबालिकामा पार्ने नकारात्मक असरहरु सम्बन्धी समूदाय तथा विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

छ) प्रारम्भिक बाल विकासः विशेष गरि ५ बर्षसम्मका बालबालिकाको उचित स्याहार सुसार, उनीहरुसँग गर्नुपर्ने आवश्यक सकारात्मक अन्तरक्रिया, बालबालिकाको पोषणमा लगानी बृद्धि जस्ता विषयहरुलाई समावेश गरि व्यापक रुपमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**८.२, शिक्षा तथा सीप विकास कार्यक्रम**

क) सुविधा सम्पन्न, आधुनिक प्रविधियुक्त बाल विकास कक्षामा दक्ष सहजकर्ताद्वारा सहजीकरण गर्ने वातावरण निर्माणका लागि सहजकर्ताहरुको क्षमता अभिबृद्धि र आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ ।

ख) विद्यालय पूर्वाधार निर्माण, बाल तथा अपांगता मैत्री विद्यालय, शिक्षण सिकाई, प्रविधियुक्त तथा व्यवसायिक तथा व्यवहारिक शिक्षाका साथ साथै अतिरिक्त क्रियाकलापहरु, एक वडा एक बालउद्यान कार्यक्रम तथा खेलकुद मैदानको निर्माण तथा प्रवर्द्धन र पढ्दै सिक्दै कार्यक्रमलाई जोड दिइनेछ ।

ग) समतामुलक भौतिक संरचना, विद्यालय बस, छात्राहरुका लागि विद्यालयमा सेनेटरी प्याडको व्यवस्था, अपांगता भएका बालबालिकालाई घरैमा शिक्षाको ब्यवस्थापन तथा विद्यालयमा अनिवार्य छात्र छात्राको लागि छुट्टा छुट्टै अपांगता तथा लैंगिक मैत्री व्यवस्थित शौचालयको व्यवस्था गरिनेछ ।

घ) उच्च शिक्षा विशेष गरेर एम.वि.वि.एस., ईन्जीनियरिङ, स्वास्थ्य, कानून, विज्ञान, गणितमा स्नातक र स्नातकोत्तर तह पढ्न चाहने आर्थिक रुपले विपन्न जेहेन्दार विद्यार्थीलाई नगरपालिका प्रमुख छात्रबृत्ति कार्यक्रम निर्माण गरि प्रतिबर्ष ...... जनालाई छात्रबृत्ति प्रदान गरिनेछ ।

ङ) विद्यालय दिवा खाजाका रुपमा स्थानीय खाद्यसामाग्रीको प्रयोग गरी बजारमा पाईने तयारी खानाको उपभोगलाई निरुत्साहित गरिनेछ ।

च) स्थानीय स्वास्थ्य केन्द्र र अस्पतालमा प्रारम्भिक अपाङ्गता पहिचान, परामर्श तथा आधारभूत स्वास्थ्य सम्बन्धी पुर्नस्थापनाको लागि आवश्यक क्षमता विकास र मानव स्रोतको व्यवस्थापन गर्ने ।

छ) कृषि सम्बन्धि विद्यालयस्तरीय अभिमुखिकरण कार्यक्रमको आयोजना गरि बालबालिकालाई कृषि तथा पशुपालन र यसको महत्वको बारेमा व्यवहारिक ज्ञान दिइनेछ ।

ज) युवाहरुलाई रोजगारमूलक कार्यमा समेट्न लघुउद्यम, सीप विकास तथा व्यवसाय प्रवर्धनात्मक तालिम प्रदान गरिनेछ ।

झ) महिला हिंसा, बालहिंसा, बालविवाह, जातिय छुवाछुत, लिंगका आधारमा गरिने भ्रुण हत्या र बालश्रम जस्ता कुप्रथा, कुसंस्कार तथा कानूनद्वारा बर्जीत कार्यको समूदायस्तरमा सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ र त्यस्तो कार्य रोक्न नियामक निकायहरुसँग सहकार्य गरिनेछ ।

ञ) प्रौढ शिक्षा कार्यक्रम लागू गरि साक्षरताको दर बढाउने ।

ट) अपांगता भएका बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चितताका लागि आवासिय विद्यालयको व्यवस्थाका लागि आवश्यक योजना बनाई लागु गरिनेछ ।

**८.३, रोजगार प्रबर्धन, उद्यमशीलता तथा आयआर्जन अभिबृद्धिका लागि सहयोग कार्यक्रम**

क) अति विपन्न बर्गका युवाहरुलाई सरकारी सेवामा पहुँच अभिबृद्धिका लागि लोकसेवा तथा शिक्षक सेवा लगायत सरकारी सेवाका तयारी कक्षा सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

ख) महिलाहरुलाई उद्यमशीलतासँग जोड्न विभिन्न आयमूलक कृयाकलापमा संलग्न गरिनेछ । भौगोलिक अवस्था हेरि विभिन्न कृषि तथा गैर कृषि व्यवसायमा अनुदान तथा छुटका कार्यक्रम सञ्चालन गरि आत्मनिर्भर र सशक्तिकरण गरिनेछ ।

ग) निर्वाहमूखि कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गरि कृषकहरुको आर्यआर्जन बृद्धि गर्नका लागि विशेष पकेट क्षेत्रको घोषणा गरि कृषकहरुलाई अनुदान, कृषि उपकरणहरुमा छुट, आवश्यक सिंचाईको व्यवस्था, बेमौसमी तथा जैविक खेतीका लागि आवश्यक वीउँवीजन तथा तालिमको व्यवस्था, वीउँबीजन वितरणका साथसाथै कृषि उपजको व्यवस्थित भण्डारणको लागि शित भण्डार, कृषि उपज संकलन केन्द्रको स्थापना, कृषि हाटबजारको व्यवस्थापन तथा बजारीकरणको व्यवस्था गरिनेछ ।

घ) कृषि पेशालाई मर्यादित, आर्थिक उपार्जनको माध्यमको रुपमा स्थापना गर्न, कृषि लक्षित कार्यक्रममा युवाहरुको सहभागितालाई जोड दिने । कृषि बाली वीमा, पशु वीमा कार्यक्रम तथा र बार्षिक रुपमा उत्कृष्ट किसानलाई उचित पुरस्कारको व्यवस्था तथा सम्मान गरिनेछ ।

ङ) परम्परागत सीप र कलाको प्रबर्धन, संरक्षण गर्ने घरेलु तथा साना उद्योगलाई प्राथमिकता दिई त्यस्ता उद्योगहरुलाई अनुदान तथा विशेष छुट प्रदान गरिनेछ ।

च) जलबायु परिवर्तन तथा त्यसबाट पर्ने असरलाई कम गर्न अनुकुलनका रणनीती तथा कार्यक्रमहरु लागू गरि कार्यान्वयन गरिनेछ ।

**८.४, संरक्षण तथा सहयताका कार्यक्रमहरु**

क) अनाथ तथा असहाय तथा संरक्षणवीहीन बालबालिकाहरुका लागि सामाजिक सुरक्षा प्रदान गर्न अक्षय कोषको स्थापना गरि उनीहरुको शिक्षा, स्वास्थ्यमा सहयोग गरिनेछ ।

ख) घरेलु तथा अन्य हिंसाबाट पीडीत महिलाहरुलाई सुरक्षित आश्रय स्थलको निर्माण गरिनेछ र उनीहरुलाई आवश्यक मनोसामाजिक परामर्शका साथै अन्य कानूनी उपचारका लागि आवश्यक सहयोग प्रदान गरिनेछ ।

मंगाहा नगरपालिकाको स्थानीय राजपत्र

ग) युवाहरुलाई विकास निर्माणका  क्रियाकलापमा सहभागी गराउन र श्रमदानको संस्कृतिलाई अवलम्वन गर्न युवा क्लब गठन तथा उक्त क्लबहरुलाई सक्रियरुपमा सामाजिक परिचालन तथा विकास निर्माणमा संलग्न गराईनेछ ।

घ) विपद्जन्य जोखिम, महामारी, आर्थिक संकटका बखत सामाजिक सुरक्षाकाका कार्यक्रमलाई थप लचिलो उपाय तथा उपक्रमहरु मार्फत विपद उत्तरदायी सामाजिक सुरक्षा कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ ।

ङ) योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रबर्धन गर्न नगरपालिकाभित्रका अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुको लगत संकलन गरि उनीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि आवश्यक पहल गर्ने ।

च) अपाङ्गता भएका व्यक्तिले बिना भेदभाव अन्य व्यक्ति सरह समान रुपमा मर्यादित र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चित गरी सेवा सुविधामा पहुँच पुर्याउने साथै कानुनी अधिकार र सेवाहरुको विषयमा जनचेतना तथा कानूनी शिक्षा कार्यक्रम संचालन गरिनेछ र अपाङ्गता भएका व्यक्तिको हेरचाह, सशक्तिकरण तथा क्षमता विकासको लागि आवश्यक तालिम सञ्चालन गरिनेछ ।

## ९.संस्थागत संरचना

१. यो नीतिलाई प्रभावकारी ढंगले कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार, विभिन्न  संघ संस्था तथा सरोकारवालाहरुसँग समन्वय र सहजीकरण गर्न, नीति कार्यान्वयन अनुगमन, समसामयिक सुधार लगाएत नीति सहजीकरण गर्न नगरपालिका उपप्रमुखको संयोजकत्वमा विभिन्न विषयगत समितिका प्रमुखहरु र अन्य सम्बन्धित क्षेत्रसँग सरोकार राख्ने शाखा प्रमुखहरुको एक सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन समिति गठन गरिनेछ ।

२. सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन समितिले आवश्यकता अनुसार सामाजिक सुरक्षासँग सम्बन्धित विषय विज्ञहरुलाई समितिमा आमन्त्रण गरि प्रभावकारी नीति निर्माण तथा कार्यान्वयनमा सल्लाह सुझाव लिन सक्नेछ ।

३. सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन समितिले नगरपालिका तथा वडास्तरमा अन्य समिति तथा उपसमिति गठन गरि काम गराउन सक्नेछन् ।

## १०. नीति कार्यान्वयन

१, सामाजिक सुरक्षा स्थानीय नीति २०८१, दीगो विकास लक्ष्यहरु हासिल गर्ने प्रतिबद्धताका साथ आगामी आ. व. २०८२।८३ को बजेट तथा कार्यक्रम तर्जुमा सँगै लागु हुनेछ । प्रस्तुत नीतिबाट नगरपालिका अन्तरगतका सामाजिक सुरक्षा कार्यक्रमहरु निर्देशित हुनेछन् ।

२, नीति कार्यान्वयनका लागि विषय तथा क्षेत्रगत समितिहरुमार्फत वार्षिकरुपमा कार्यकम तर्जुमा गर्दा बालबालिका, अपांगता तथा जेष्ठ नागरिक तथा अन्य जोखिममा परेका समुहहरुको हितलाई ध्यानमा राखी प्राथमिकताका साथ बजेट विनियोजन प्रस्ताव भएको हुनेछ ।

## ११. वित्तिय श्रोत

संघ र प्रदेश तथा नगरपालिकाका साथै नीजि तथा गैरसरकारी संघ संस्थाकासँगको लागत साझेदारीमा यो सामाजिक सुरक्षा नीति कार्यान्वयनका वित्तिय स्रोत हुनेछन् ।

## १२. अनुगमन तथा मूल्यांकन

१. यो नीतिको प्रभावकारी कार्यान्वयनको अनुगमन गर्न, नीतिमा समसामयिक परिमार्जन गर्नका लागि अभिलेखिकरणलाई विशेष जोड दिईनेछ । सामाजिक सुरक्षा कार्यक्रमहरुको सुचकहरु निर्धारण गरि आवधिक रुपमा आवश्यकताको आधारमा नगरपालिकाबाट अनुगमन गरिनेछ ।

२. नीति कार्यान्वयन पश्चात त्यसले समुदायमा पारेको प्रभावको समिक्षा गरि आवश्यकताको आधारमा यो नीतिलाई थप परिस्कृत गरिदै लगिनेछ थप कार्यक्रम तथा बजेटको लागि पहल गरिनेछ ।

३. यो नीतिको प्रत्येक पाँच बर्षमा पुनरावलोकन गरिनेछ ।

**१४. संशोधन तथा खारेजी**

नगरपालिकाको वित्तिय श्रोतको उपलब्धताको आधारमा यस नीतिमा भएका कार्यक्रमहरुलाई प्राथमिकताका आधारमा सञ्चालन गरिदैलगिनेछ र समय सन्दर्भ अनुसार नीति परिमार्जन तथा संशोधन गरिदै लगिनेछ । यदि यो भँगाहा नगरपालिकाको सामाजिक सुरक्षा स्थानीय नीति, संघ तथा प्रदेश सरकारको कानूनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले,
विजय कुमार यादव
नि.प्रमुख प्रशासकिय अधिकृत

भंगाहा नगरपालिकाको स्थानीय राजपत्र